DOI : https://doi.org/10.3126/kaladarpan.v3i1.55209

# युद्धसाहित्यको अभिव्यञ्जनः *अफगानी रणमैदान*

# Expression of War: Afghani Radamaidan

**डा. शंकरप्रसाद गैरे**
उप-प्रध्यापक, नेपाली विभाग
त्रि.वि., त्रिभुवन बहुमुखि क्याम्पस, पाल्पा
Email:gaireshankar2012@gmail.com

**सार** : *प्रस्तुत अनुसन्धानमूलक लेख 'अफगानी रणमैदान' उपन्यासको विश्लेषणमा केन्द्रित रहेको छ । नेपाली साहित्यमा कवि तथा नियात्राकारको रूपमा परिचय बनाएका केदार सङ्केतको यस उपन्यासमा युद्धलाई विषय बनाइएको छ । स्वयं लेखक सैनिक पेसामा संलग्न रहेको र युद्धमा आफूले भोगेका र अनुभव गरेका विषयलाई प्रस्तुत गरेर लेखिएकोले यो उपन्यास युद्धसाहित्यको दस्तावेजका रूपमा देखापरेको छ । औपन्यासिक संरचनाका दृष्टिले नवीन प्रयोगका रूपमा प्रस्तुत भएको यस उपन्यासमा युद्धजन्य विभीषिका, युद्धको मनोविज्ञान, सैन्य मनोविज्ञान, सैन्य गतिविधि, जीवनचर्या, वाध्यता, अवसर र चुनौति आदि अनेक विषयहरू प्रस्तुत गरिएको छ । युद्धबाट अवकाश प्राप्त गरेका सैनिकहरूलाई पुनः करार गरी विभिन्न मिसनमा संलग्न गराउने पच्छिमा शक्तिराष्ट्रहरूको योजना र त्यसका लागि सेनाका पूर्व लडाकुहरूलाई संपर्क गरी पुनः युद्धमा संलग्न गर्ने अभियानअन्तर्गत स्वयं लेखक म पात्र र भारतीय, नेपाली, बेलायती लगायतका विभिन्न देशका सेनाका पूर्वलडाकुहरूलाई करारमा नियुक्त गरी अफगानिस्तानको काबुलमा खटाइएको विषय उपनयासमा प्रस्तुत गरिएको छ । उनीहरूले त्यहाँ लामो समयसम्म शान्ति सुरक्षाका निम्ति गरेको कामलाई उपन्यासको विषय बनाइएको छ । युद्धमा संलग्न केही सेना, उनीहरूले प्रयोग गरेका हातहतियार, नक्सा, मार्गीचित्र, युद्धस्थल आदिलाई समेत परिशिष्टमा समावेश गरेर अधिक यथार्थसम्मत तुल्याइएको प्रस्तुत उपन्यास युद्धको यथार्थचित्रण गरिएको कृति हो । अतः यस अनुसन्धानमूलक समालोचनात्मक लेखमा प्रस्तुत उपन्यास 'अफगानी रणमैदान'लाई युद्धसाहित्यको सैद्धान्तिक अवधारणाका आधारमा विश्लेषण गरी कृतिको सौन्दर्य निरूपण गरिएको छ ।*

**मुख्य शब्दः** आतङ्ककारी/आतङ्कवाद, अभिघात, अलकायदा, गृहयुद्ध, तालिवान, युद्धभूमि, योद्धा ।

**Abstract**: T*he research-based article 'Afghani Radamaidan' presented focuses on the analysis of the novel. In Nepali literature, the poet and writer of the poem have been introduced to the poet and dancer. The author himself has been associated with the military profession and has been seen as a document to his novel War Literature. Presented as a new experiment in terms of colonial structure, the novel presents many topics like war-related horrors, war psychology, military psychology, military activity, lifestyle, variability, opportunity and challenges, etc.*

**Key words** : terrorist, antirealism, trauma, civil war, warrior.

**विषयपरिचय**

*अफगानी रणमैदान* उपन्यासका लेखक केदार सङ्केतको जन्म वि. सं. २०२६ साल माघ १६ गते रामेछाप जिल्लाको रस्नानु गाविसमा भएको हो । व्यवस्थापन विषयमा स्नातकोत्तर तहसम्मको औपचारिक शिक्षा प्राप्त गरेका सङ्केत सन् १९८९ देखि ब्रिटिस सेनामा संलग्न भएका हुन् । उनको वास्तविक नाम केदार सुनुवार हो । हाल बेलायतको हाम्पसाएर कोभमा बस्दै आएका सङ्केत सैन्यसेवाबाट निवृत्त भएका व्यक्ति हुन् । सानैदेखि साहित्यमा विशेष रुचि भएका सङ्केतले अध्ययनकालदेखि नै साहित्य पठन लेखनमा सक्रिय रहको पाइन्छ । २०४३ सालको मधुपर्कमा 'पर्वते पत्रिका होङकोङ' शीर्षकको लेखबाट उनका साहित्य लेखनको प्रकाशन यात्रा आरम्भ भएको देखिन्छ । कविता, यात्रा साहित्य र आख्यान लेखनका क्षेत्रमा विशेष सक्रिय केदार सङ्केतका हालसम्म *आफै जलेको देश* कवितासङ्ग्रह (२०६४), एथेन्सको झरी नियात्रासङ्ग्रह (२०६७), *पैयुँका फूलहरू* हाइकुसङ्ग्रह (२०६८), सङ्केतका कविताहरू कवितासङ्ग्रह (२०६८), *अफिम फुल्ने देशमा* खण्डकाव्य (२०७०), बुद्धल्यान्ड *टु स्विजरल्यान्ड* ज्ञताँ *गो तेकेरे नुङ* काइँच भाषाको कवितासङ्ग्रह (२०७३) प्रकाशित छ । *अफगानी रणमैदान* उपन्यास (२०७७) उनको पहिलो प्रकाशित आख्यानात्मक कृति हो । यिनले कथा, समालोचना र सम्पादनका क्षेत्रमा समेत काम गरेको देखिन्छ ।

नेपाली साहित्यको सेवा गरेवापत सङ्केतले अनेसास ठाकुरप्रसाद रेग्मी सर्वोत्कृष्ट कृति पुरस्कार (२०६९), जैमली साहित्य डायस्पोरा पुरस्कार (२०६९), सुप्रभा पुरस्कार (सन् २०१८) प्राप्त गरेका छन् । *अफगानी रणमैदान*का लागि २०७७ को युद्धसाहित्य पुरस्कार प्राप्त गरेका सङ्केत रजतवर्ष अभिनन्दनपत्रद्वारा अभिनन्दित समेत भएका छन् । कविता र नियात्रा विधामा स्थापित सङ्केतले *अफगानी रणमैदान* उपन्यासबाट आख्यानको क्षेत्रमा समेत महत्त्वपूर्ण परिचय बनाएको देखिन्छ ।

*अफगानी रणमैदान* युद्धलाई विषय बनाएर लेखिएको उपन्यास हो । यस उपन्यासलाई युद्धउपन्यास मान्न सकिने विशिष्ट आधारहरू देखापर्दछन् । यस उपन्यासमा युद्धजन्य अवस्थितिको केकस्तो प्रस्तुति गरिएको छ ? भन्ने प्रश्नमूलक समस्यामा केन्द्रित रहेर युद्धसाहित्यको सैद्धान्तिक पर्याधारका सापेक्षमा कृतिको मूल्य निरूपण गर्ने कार्य गरिएको छ । यसका लागि केदार सङ्गेतद्वारा लेखिएको उपन्यास *अफगानी रणमैदान*लाई मुख्य स्रोत सामग्रीका रूपमा चयन गरी सैद्धान्तिक पर्याधारमा विश्लेषण विधिको प्रयोग गरी अध्ययनलाई निष्कर्षमा पुऱ्याइएको छ । यसका लागि पुस्तकालयीय स्रोत अन्तर्गतका द्वितीय स्रोतसामग्रीलाई उपयोग गरेर अध्ययनलाई सम्पन्न गरिएको छ ।

अध्ययन विधि

प्रस्तुत अनुसन्धानात्मक लेख मूलतः सैद्धान्तिक अध्ययनमा आधारित छ । यस अध्ययनलाई सुसम्पन्न गर्न द्वितीय स्रोतअन्तर्गतका सामग्रीहरू उपयोग गरिएको छ । सामग्री सङ्कलनको प्रमुख स्रोत पुस्तकालय हो भने अध्ययनको प्रमुख स्रोत सामग्री केदार सङ्केतद्वारा लेखिएको अफगानी रणमैदान उपन्यास हो । यस उपन्यासलाई युद्धसाहित्यसमालोचनाको सैद्धान्तिक दृष्टिकोणबाट विश्लेषण गरिएकोले सिद्धान्त निर्माणका निम्ति सैद्धान्तिक समालोचनाका सन्दर्भसामग्रीहरू उपयोग गरिएको छ । यसप्रकार द्वितीय स्रोतका सामग्री उपयोग गरी सामग्री सङ्कलन तथा विश्लेषण विधिको उपयोग गरी अध्ययनलाई निष्कर्षमा पुऱ्याइएको छ ।

**युद्धसाहित्यको सैद्धान्तिक पर्याधार**

युद्ध र साहित्यको सम्बन्ध युगौं पुरानो देखिन्छ । हजारौं वर्ष अघिदेखि आजपर्यन्त युद्धका विषयमा साहित्य सिर्जना हुँदै आएको पाइन्छ । युद्धलाई विषय बनाएर लेखिएका कृतिहरूलाई युद्धकै केन्द्रीयतामा अध्ययन गर्ने विभिन्न दृष्टिकोण हुन सक्छन् । उत्तरआधुनिक साहित्यसमालोचनाका

क्षेत्रमा युद्धजन्य साहित्यको अध्ययन गर्ने समालोचना सिद्धान्तलाई युद्धसाहित्य भनिएको छ। युद्ध साहित्यका सम्बन्धमा अभिघात शब्द विशेष प्रचलनमा रहेको पाइन्छ । अभिघातले युद्धको तत्कालीन अवस्था र युद्धपछि त्यसले समाजलाई दिएका घाउ, चोट, पीडा, यातना आदिसन्दर्भलाई बुझाउने गर्दछ। युद्ध र द्वन्द्वलाई एउटै शीर्षकमा जोडेर समेत प्रयोग गरिएको पाइन्छ। द्वन्द्व शब्दलाई युद्ध शब्दकै समानार्थी बनाएर हत्या, हिंसा, आतङ्क, सन्त्रास, संहार, विध्वंश, विनाश र विनिर्माणको कारण ठानेको पनि पाइन्छ (गौतम, २०६३)। परन्तु युद्ध र द्वन्द्व निकटस्थ सम्बन्ध भएका विषय भए पनि यिनका बीचमा भिन्नता रहेको पाइन्छ (कोइराला, २०६९) । युद्धलाई भौतिक तथा द्वन्द्वलाई मूलतः मानसिक अवस्था मान्न सकिन्छ।

युद्ध शब्दले भौतिक रूपमा गरिने आक्रमणलाई बुझाउँछ। 'युध्+क्त' बाट निर्मित युद्ध तत्सम शब्द हो। यस शब्दले संग्राम, समर, लडाई, भिडन्त, मुठभेड, सङ्घर्ष (आप्टे, सन् १९६९) भन्ने अर्थ दिन्छ । *नेपाली बृहत् शब्दकोश*ले "परस्पर विरोधी दुई दलका बीचमा एकले अर्कालाई दमन गर्ने, हराउने, मार्ने आदि उद्देश्यले गरिने आक्रमण, लडाइँ, सङ्ग्राम, जुद्दे, कटक" (त्रिपाठी, २०५८, पृ. १०४७) जस्ता शब्दबाट युद्ध शब्दलाई अर्थ्याएको पाइन्छ। विश्व साहित्यको इतिहास अध्ययन गर्दा जबजब ठूला युद्धहरू हुन्छन् र भीषण नरसंहार हुन्छ, स्रष्टाहरू त्यसको प्रभावमा साहित्य, सिर्जना गर्दछन् भन्ने मान्यता देखिन्छ। संस्कृत वाङ्मयका रामायण, महाभारत, ग्रिसका इलियड, ओडिसीदेखि नेपाली वीरकालीन सिर्जनामात्र नभई विश्वको अधिकांश साहित्य युद्ध साहित्यमा पर्दछ (भट्टराई, २०६४)। यस्ता साहित्यलाई युद्धले पारेको प्रभावका सापेक्षमा गरिने अध्ययनलाई अभिघात समालोचना भन्ने गरिएको पाइन्छ । युद्ध र युद्धले पारेको/छोडेको प्रभावमा तात्विक भिन्नता रहेकाले कालान्तरमा यिनमा भेद सिर्जना हुन सक्ने सम्भावना रहे पनि वर्तमानमा युद्धसाहित्य र अभिघात साहित्य पूरक बनेर देखिएका/लेखिएका छन्।

साहित्य सिर्जनाका क्षेत्रमा युद्धको विषयले प्रारम्भिक चरणदेखि नै प्रवेश पाएको भए पनि साहित्य सिद्धान्त समालोचनाका क्षेत्रमा विश्वयुद्धको विभीषिकाको प्रभाव र परिणतिका रूपमा पाश्चात्य साहित्यबाट युद्धसाहित्यको आरम्भ भएको देखिन्छ (गौतम, २०६६) । विस्तारै विश्वसाहित्यमा नै युद्धसाहित्यको पहिचान र त्यसको अध्ययन अनुसन्धानको परम्परा विकसित हुँदै अघि बढेको देखिन्छ। आतङ्क, भय र विध्वंश युद्धको सार हुने गर्दछ। यसलाई शक्तिशालीहरू आवश्यकताको उपज ठान्दछन् भने कमजोरहरू निरङ्कुशता र आतङ्कको उपजका रूपमा लिन्छन् । आतङ्कवादी क्रियाकलापको परम्परा लामो छ। उन्नाइसौँ शताब्दीका आतङ्कहरू, औपनिवेशिकता विरुद्ध लडिएका युद्ध लगायतका अन्य राष्ट्रिय स्वतन्त्रता संग्रामका परिणाम मानिए पनि (उप्रेती, २०६८) यिनले दिने परिणाम लामो समयका लागि पीडादायक रहन्छ। त्यही पीडा प्रत्यक्ष परोक्ष रूपमा साहित्यमा प्रकट हुन्छ। यसको अध्ययन अभिघातपरक वा युद्धसाहित्यले गर्दछ। विशेषतः प्रथम र दोस्रो विश्वयुद्ध तथा त्यसपछि हालसम्म विभिन्न समयमा सञ्चालन भएका घातक युद्ध, गृहयुद्ध, आदिमा आधारित साहित्यमा अभिघातजन्य अकल्पनीय भयावहताको विशेष स्थान र भूमिका देखिन्छ । यस किसिमको साहित्यको अध्ययन गर्ने परिपाटीको विकास मूलतः जेफ्री हर्टम्यान र ज्याक डेरिडाबाट आरम्भ भएको (शर्मा, २०६६) मानिन्छ । अभिघात शब्दको प्रारम्भिक प्रयोग भौतिक पीडा, यातना, भय, आतङ्कमै केन्द्रित देखिन्छ, तापनि समयक्रमसँगै जब विश्वयुद्धहरू र अन्य सानाठूला युद्धको समाप्तिपछि युद्धबाट बाँचेकाहरूले गुमाउनुपरेका विविध विषयले उनीहरूको मनमा दिने जीवन्त पीडा अर्थात् मानसिक पीडा, धन सम्पति, घरबार, जन्मस्थल आमाबुबा, लोग्नेस्वास्नी, छोराछोरी र आफन्त गुमाउनुपर्दाका पीडा, अङ्गभङ्ग हुनुपर्दाको पीडा, विकास र उन्नतिका नाममा गरेको

योगदानपछि पनि यथास्थितिमूलक, अभाव, गरिबीमा बाच्नुपर्ने पीडालाई अभिघातले बुझाउने गरेको देखिन्छ। त्यसैगरी द्वन्द्वलाई समेत युद्ध र अभिघातका सापेक्षमै प्रयोग गरिएको पाइन्छ र पनि पछिल्लो समयका केही सिर्जनाले अबका दिनमा युद्धको विषय, युद्धले छोडेको अवशेषको विषय र द्वन्द्वजन्य भौतिक तथा मानसिक अवस्थाका विषयमा समेत रेखाङ्कनको आवश्यकता प्रतिध्वनित हुन्छ। गोविन्दराज भट्टराईको "युद्ध साहित्य ता ती दिनमा मानवले भोगका र अनुभव गरेको त्रासदी, भय र असुरक्षा चेतना हुन्। युद्ध साहित्यमा केवल पीडा लेखन हुन्छ । त्यहाँ महान् विपत्तिले छोपेका बेलाको जीवन चिन्तन वा मृत्यु चिन्तन हुन्छ" (भट्टराई, २०६४, पृ. २३५) भन्ने अभिव्यक्तिले युद्धजन्य घटनालाई सङ्केत गरेको प्रतीत हुन्छ। युद्धजन्य घटना र युद्धले छोडेका अवशेषहरूले पार्ने प्रभावका विषयमा तात्विक भिन्नता देखिने हुँदा वास्तविक युद्धजन्य घटनाको विषयलाई कथ्य बनाउने सिर्जना र त्यस्ता सिर्जनाको अध्ययन गर्ने सैद्धान्तिक पर्याधार नै मूलतः युद्धसाहित्य अर्थात् निरन्तर परिचालित युद्ध नै कथ्य भएको साहित्यको अध्ययनलाई युद्धसाहित्यको पर्याधारका रूपमा अङ्गीकार गरी यहाँ कथ्य विषय *अफगानी रणमैदान*को विश्लेषण गरिएको छ।

## *अफगानी रणमैदान* उपन्यासमा युद्धजन्य विभीषिकाको प्रस्तुति

*अफगानी रणमैदान* युद्धको विषयलाई प्रस्तुत गरिएको उपन्यास हो । यसलाई उपन्यासको रूपमा प्रस्तुत गरिएको भए पनि यसका कतिपय तथ्यले युद्धको ऐतिहासिक दस्तावेजका रूपमा प्रस्तुत भएको देखिन्छ। अतः यो युद्धसाहित्यको विशिष्ट र भिन्न शैलीको औपन्यासिक कृति हुनुका केही महत्त्वपूर्ण पक्षहरू देखिन्छन्, जसलाई यहाँ उपशीर्षकहरूमा विभाजन गरेर प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ।

### युद्धसाहित्यका अभिलक्षणहरू

केदार सङ्केतद्वारा लेखिएको *अफगानी रणमैदान* उपन्यास युद्धको विषयलाई प्रस्तुत गरिएको उपन्यास हो । उपन्यासको शीर्षकले नै विषयवस्तुलाई सङ्केत गरेको पाइन्छ। पछिल्लो समयमा अफगानिस्तान आतङ्कवादको केन्द्र बनेको देखिन्छ। शक्ति राष्ट्रहरूले विश्वशान्ति कायम गर्ने नाममा आतङ्कवादी गतिविधि भैरहेका क्षेत्रहरूमा शान्ति सुरक्षाका लागि सेना पठाउने गरेको र ती सेनाहरूको उद्देश्य तत्क्षेत्रमा शान्तिपूर्ण वातावरण कायम गर्नु रहेको देखिन्छ। परन्तु आतङ्कवादी उग्रवादी संगठनहरूले तिनै सैन्य गणहरूलाई आफ्नो उद्देश्यका लागि बाधक बनेको ठान्ने र आक्रमण गर्ने गरेको, फलस्वरूप ती स्थानहरूमा युद्ध र दोहोरो हानाहान हुने गरको विषयसँग उपन्यासको सम्बन्ध रहेको देखिन्छ । अफगानिस्तानको काबुल सहरमा शान्ति सुरक्षार्थ खटिएको सेनामाथि लक्ष गरेर आतङ्कवादीहरूले हमला गरेपछि प्रारम्भ भएको युद्ध र युद्धमा नेपाली जातिका सैनिकहरूले प्रस्तुत गरेको वीरता उपन्यासको मुख्य विषय बनेको पाइन्छ । त्यसैले उपन्यासको नामकरण उक्त परिवेशमा आधारित रहेको पाइन्छ। परन्तु उपन्यासको कथ्य अफगानिस्तानको काबुलमा भएको त्यस एकदिनको युद्धमामात्र केन्द्रित छैन । उपन्यासले युद्धपूर्व पूर्व सेनाका जवानहरूलाई शान्तिसुरक्षार्थ पुनः भर्ती गर्ने र विभिन्न क्षेत्रमा पठाउने गरेका विषय प्रसङ्गका साथै लामो सैन्यजीवनबाट अवकाश लिएपछि पनि पुनः युद्धोन्मुख सैन्य सेवामै संलग्न हुन चाहने जवानहरूको मनोविज्ञान, मनोभावना र बाध्यतालाई पनि उपन्यासले प्रस्तुत गरेको देखिन्छ । ती जवानहरूको युद्धप्रतिको दृष्टिकोण, परिवारको उनीहरूको जीवनका क्षणक्षणका जोखिमहरू उपन्यासको विषयका रूपमा प्रस्तुत भएका छन् । अफगानिस्तानको काबुलस्थित भूमिमा उपन्यासका पात्रहरूले गरेको वीरतापूर्ण युद्धको कथा भएको र उपन्यासको शीर्षक तथा आवरणले त्यसैलाई सङ्केत गरेकोले प्रस्तुत उपन्यास युद्धउपन्यासको प्रस्तुति हो भन्ने स्पष्ट झल्किन आउँछ।

यस उपन्यासको युद्धसाहित्यजन्य महत्त्वपूर्ण पक्ष के हो भने यसले न त युद्धपछि त्यसका अवशेषका रूपमा देखापर्ने अभिघातित अवस्थालाई प्रस्तुत गरेको छ न युद्धको प्रस्तुति पूर्वस्मृतिका रूपमा गरिएको छ। यस उपन्यासले युद्ध, सैन्य जीवन र गतिविधको कालक्रमिक प्रस्तुति गरेको छ । युद्धमा संलग्न योद्धा नै कथयिता, योद्धा र भोक्ताका रूपमा प्रस्तुत छ । यो उपन्यासको एउटा महत्त्वपूर्ण पक्ष हो । त्योभन्दा महत्त्वपूर्ण पक्ष के हो भने प्रस्तुत उपन्यास यथार्थको कल्पनाजन्य लेपन गरिएको विषय नभएर यथार्थको वस्तुजन्य प्रस्तुति हो । उपन्यासका लेखक केदार सङ्केत स्वयं वेलायती सेनाका अवकाश प्राप्त जवान हुन् । उनलाई कम्पनीले पुनः काबुलस्थित भूमिमा शान्तिसुरक्षाका लागि करार गरेको छ र उनी आफ्नो अर्को पेसालाई समेत त्यागेर सहर्ष पुनः सैन्य जीवनमा प्रवेश गरेका छन् । यस अर्थमा लेखक स्वयं उपन्यासका एक पात्र हुन् । कुमारप्रसाद भट्टराईले उपन्यासको भूमिका लेखनका क्रममा “यसको केन्द्रीय वा प्रमुख पात्र उनी (केदार सङ्केत) नै हुन् र उनकै जीवनमा घटेका घटना र चरित्रको सेरोफेरोमा उपन्यासको रचना गरिएको छ” (कोइराला, २०७७, पृ. ण) भनेका छन् । उपन्यासमा चरित्रको केन्द्रीयता र प्रमुख नायकीयताको सन्दर्भबाट लेखकलाई त्यो स्थान दिन मिल्ने कि नमिल्ने भन्ने विश्लेषणको विषय बन्न सक्छ तापनि उपन्यासमा लेखकको आद्योपान्त उपस्थिति देखिन्छ । एउटा सेनाको जवानले आफू संलग्न युद्धका विषयमा लेखिएको एक दस्तावेजको आख्यानीकरण हुनाले पनि यो उपन्यास युद्धसाहित्यको भिन्न र नवीन प्रस्तुति मान्न सकिने देखिन्छ ।

उपन्यासमा पाँच भाग छन् र ती पाँचभागलाई विभिन्न शीर्षकमा विभक्त गरेर प्रस्तुत गरिएको छ । भाग एकलाई छ, भाग दुईलाई एघार, भाग तीनलाई तेह्र, भाग चारलाई दश र भाग पाँचलाई नौ शीर्षकमा विभक्त गरिएको उपन्यासका यी शीर्षकहरूमध्ये ‘अफगानी युद्धका कुरा’, ‘अफगानिस्तानको युद्धबारे व्याख्यान’, ‘अलकायदाको क्रियाकलाप’, ‘अफगानिस्तानमा गृहयुद्धको सुरुवात’, ‘लडाइपछिको हल्ला’, ‘ट्रकमा बम’जस्ता शीर्षकले सिधै युद्धजन्य घटनाहरूलाई सङ्केत गरेका छन् भने ‘लण्डन अन्तर्वार्ता’, ‘युनिटी तालिम केन्द्र’, ‘जर्ज भर्सेस गोर्खा कमाण्डर’, ‘नयाँ कमाण्डरको आगमन’, ‘क्याम्प गिब्सन अट्याक’, ‘मेडल परेड’, ‘अफगानमा गोर्खालीको वीरता’, ‘चिफ अफ दि मिसन’, ‘टर्मिनल र ट्र्याप’ जस्ता शीर्षकले सैन्य गतिविधितर्फ र युद्धतयारी आदि गतिविधितर्फ सङ्केत गर्दछन् । अन्य ‘आत्मघाती प्रेमपत्र’, ‘हेलिकप्टर खस्दा’ जस्ता शीर्षक व्यञ्जनात्मक रूपमा सेना र युद्धसँग सम्बन्धित भएर प्रस्तुत भएका छन् । उपरोक्त ठाउँका नक्साहरूमध्ये प्रायः धेरैजसो उपन्यासभित्रका सैन्य तयारी, तालिम र युद्धमा प्रयोग भएका ठाउँ हुन् भने परिशिष्टमा दिइएका हतियारहरू पनि युद्धमा प्रयोग गरिएका हुन् । संक्षिप्त परिचय सहितका सेनाका तस्विरहरू लेखक वा उपन्यासको पात्र केदारसँगै काबुलमा संलग्न सैन्यदलका सदस्य हुन् । त्यसकारण यी दस्तावेजहरूले उपन्यासलाई युद्धोपन्यासको बलियो दृष्टान्त तुल्याउन सहयोग पुऱ्याएको प्रतीत हुन्छ ।

**युद्धजन्य बन्दोवस्ती र युद्धसाहित्य**

प्रस्तुत उपन्यास *अफगानी रणमैदान*लाई लेखकले युद्धसाहित्यको बलियो प्रस्तुतिका रूपमा उभ्याउन यथासम्भव प्रयत्न गरेका छन् । उपन्यासका कतिपय घटना, विषय र सन्दर्भले यो कृति साहित्यिक, औपन्यासिक बन्न पुगेको भए पनि यसका कतिपय सन्दर्भले यसलाई युद्धजन्य ऐतिहासिक दस्तावेजकै नजिक पुऱ्याएको पाइन्छ । यो उत्तरआधुनिक विधाभञ्जनको एउटा महत्त्वपूर्ण विशेषता पनि हो । लेखकले यसलाई त्यसतर्फ उन्मुख तुल्याउने प्रयत्न समेत गरेको प्रतीत हुन्छ । प्रस्तुत उपन्यासलाई लेखकले ऐतिहासिक दस्तावेजका रूपमा प्रस्तुत गर्न उपन्यासमा प्रयुक्त सन्दर्भलाई पुष्टि गर्ने विभिन्न विषयलाई उपन्यासको परिशिष्टमा समावेश गरेका छन् । परिशिष्ट १ मा एउटा पत्र समाविष्ट छ जो विभिन्न व्यक्तिका नाममा मेल गरिएको सङ्केत समेत छ । यस पत्रको सम्बन्ध उपन्यासका

पात्रहरूले लडेको युद्धसङ्ग रहेकाले यो युद्धदस्तावेजले उपन्यासलाई युद्धसाहित्यको बलियो प्रस्तुति तुल्याउन सहयोग पुऱ्याएको देखिन्छ । परिशिष्ट दुईमा क्याम्प बास्टनस्थित तालेवान छिरेको मार्गचित्र, काबुलको नक्सा, लडाइँपश्चात् आएको र रहेको एम्. आर. ए. पी., १० जुन २०१२ का दिन तालेबान आतङ्ककारी लुकेर बसेका घरहरू, युद्धमा सेनाले प्रयोग गरेका ग्रिनेट, २४० मेसिन गन, २४९ मेसिन गन, एम ४ राइफल र २०३ ग्रिनेट लन्चर, ए. आर. १५ राइफल, सोकम २ मेसिन गन, क्याम्प अल्भाराडोको नक्सा, २ मे २०११ मा ओसामा विन लादेनको कम्पाउन्डमा प्रयोग गरिएको सिकोरस्की यु. एच्. ६० ब्ल्याक हक्स हेलिकप्टर, ओसामा विन लादेन बसेको कम्पाउन्ड, ओसामा विन लादेन बसेको घरको रेखाचित्र, अमेरिकाको राष्ट्रिय सुरक्षा टोलीले ह्वाइट हाउस सिट्युसन कोठामा अपरेसन नेपच्युन स्पियरको प्रगति हेर्न राष्ट्रपति सहित बसेको भेलाको तस्विर, विशिष्ट पदकसहितका नेपाली सैन्यप्रमुख काजीमान लिम्बू, लक्षराज लिम्बू, दीपप्रसाद पुन, ओसामा विन लादेनबारे फाइनल जानकारी दिने नाडा बाकोस, अफगानिस्तानको काबुलमा संलग्न प्रमुख सैन्यदलका जवानहरू जोन बेलटल, जर्ज वलरथ, जयप्रकाश सुनुवार, मानकाजी गुरुङ, एलेक्सजेन्डर आबाड, क्रिस्टिना गार्सिया, कार्लोस बेटनकोट, रेन्डल फ्रे, जित लामाको संक्षिप्त परिचय सहितका तस्विर समावेश गरिएको छ । उपर्युक्त सामग्रीहरू सामान्यतः साहित्य सिर्जनामा समावेश गरिँदैन र ऐतिहासिक लेखनअन्तर्गत दस्तावेजका रूपमा समावेश गरिने हुँदा लेखकले उपन्यासमा यी दस्तावेज समावेश गरी यस कृतिलाई युद्धोपन्यासको यथार्थपरक वस्तुतथ्यका रूपमा उपस्थित गरेको प्रतीत हुन्छ। उपरोक्त सामग्रीहरूले प्रस्तुत कृतिलाई युद्धसाहित्यको विशिष्ट र नवीन विषयका रूपमा प्रस्तुत गरेको देखिन्छ।

## औपन्यासिक कथ्य र युद्धसाहित्य

केदार सङ्केतद्वारा लिखित अफगानी रणमैदान उपन्यास युद्धसाहित्यको महत्त्वपूर्ण अभिलेखनका रूपमा देखापरेको छ । यसले अभिघातजन्य मानसिक घाउ पार्ने अतीव पीडादायी अनुभूति (शर्मा, २०६६) अर्थात् अभिघातित व्यक्तिका मनमा लामो समयसम्म रहिरहेको पीडा (पौड्याल, २०७०) लाई प्रस्तुत नगरेर यस उपन्यासले प्रत्यक्ष रूपमा युद्ध, युद्धमा संलग्न योद्धाहरूका युद्धजन्य गतिविधि र त्यसक्रममा उनीहरूले भोगेका जोखिमपूर्ण क्षणहरूलाई प्रस्तुत गरेको छ। ती जोखिमपूर्ण क्षणहरूमा उनीहरूका मनमा उत्पन्न हुने भावनाहरू, कर्तव्य र जिम्मेवारीहरू लगायतका विषयका साथै साहस दुःसाहस, सीप र कमजोरीहरू उपन्यासमा प्रस्तुत भएको छ । मृत्युलाई नजिकबाट नियालिरहँदा सेनाका जवानहरूका मनमा उत्पन्न हुने भावलाई उपन्यासकारले जीवन्त रूपमा प्रस्तुत गरेको देखिन्छ।

युद्धसाहित्यका दृष्टिले यस उपन्यासको सर्वाधिक ठूलो शक्ति के हो भने यो उपन्यास लेखकले अरुका युद्धका अनुभव सुनेर वा पढेर युद्धबारे कल्पना गरेर लेखेका होइनन् वा काल्पनिक पात्र उभ्याएर लेखकले आफ्नो अनुभवलाई औपन्यासिकता प्रदान गरेका पनि होइनन् । यस उपन्यासमा लेखक केदार सङ्केत स्वयं पात्रका रूपमा उपस्थित छन् र कथयिता पात्रको भूमिकामा छन् । लेखक सङ्केत स्वयं लामो समय बेलायती सेनामा काम गरी अवकाश लिएपछि पुनः शान्तिसेनाका लागि प्रस्ताव आएपछि करार सेवामा अफगानिस्तानको काबुल सहरमा खटिएको सन्दर्भदेखि त्यस ठाउँमा रहँदाका सानाठूला सैन्य क्रियाकलाप, घटना र आतङ्ककारीको घेराउमा परेपछि कुशलतापूर्वक युद्ध लडी सयौँ सर्वसाधारण व्यक्ति, तथा सेनामा विशेष क्षति हुन नदिएरै युद्धलाई आफ्नो नियन्त्रणमा पारेको कुशल युद्धनीतिको परिचालन गरेको विषयलाई उपन्यासमा प्रस्तुत गरिएको छ । सैन्य जिम्मेवारीमा रहँदैगर्दा पटकपटक उत्पन्न भएका आकस्मिक दुर्घटनाहरू र तिनबाट कुशलतापूर्वक गरिएका अवतरणका विषय उपन्यासमा घटनाका रूपमा प्रस्तुत भएका छन्। युद्धका कारण मृत्युलाई नजिकबाट नियाल्नुपर्दाका क्षणहरू र

त्यस अवस्थामा उत्पन्न मनोभावनाका साथै सेनाका परिवारको मनोभावना पनि उपन्यासमा प्रस्तुत भएको छ । यसप्रकार प्रस्तुत उपन्यास युद्धोपन्यासको सशक्त अभिव्यक्तिका रूपमा प्रस्तुत भएको देखिन्छ ।

उपन्यासका पाँच भागका ४५ वटा शीर्षकमध्ये सबै युद्धसँग सम्बन्धित छैनन् । केही शीर्षकले युद्धइतर विषयहरूलाई पनि प्रस्तुत गरेका छन् । भने कतिपय शीर्षक सैन्य जीवनसँग पनि सम्बन्धित देखिँदैनन् । विशेष गरेर भाग एकको 'बारस्ती भट्टिकी परी र पेरानी', भाग दुईको 'वेनामे प्रेमपत्र', भाग तीनको 'मधुशालामा मदहोस', भाग पाँचको 'काबुलको बुलबुल' शीर्षकहरूमा प्रयुक्त विषय पात्रहरूका प्रेम र स्वतन्त्र जीवनसँग सम्बन्धित छन् । यिनको युद्धसँग सम्बन्ध देखिँदैन । परन्तु यस कृतिलाई औपन्यासिक कलेबर प्रदान गर्न यिनको विशेष भूमिका देखिन्छ ।

उपन्यासमा सैन्य जीवन र युद्धबारे लेखिएका सन्दर्भहरू औपन्यासिकभन्दा बढी याथार्थिक लाग्दछन् । नेपालबाट बेलायतमा गई बसेको केदार सैन्य सेवामा संलग्न हुन्छ । त्यसक्रममा ऊ विश्वका विभिन्न ठाउँमा पुगेको छ । यस विषयलाई केदार यसरी प्रस्तुत गर्दछ "घरदेशबाट परदेशमा जागिर खान जानु पनि जीवनको एउटा चुनौति नै ठान्छु म । कहिलेकाहीँ लाग्छ पुरै पृथ्वी मेरो आँगन हो, म यही आगनमा यताउता दौडिरहेको छु" (पृ. ६) । एउटा सैनिकले आफ्नो जीवनलाई हेर्ने यस दृष्टिकोणलाई आशावादी वा निराशावादी जे पनि भन्न सकिने हो कि भन्ने प्रतीत हुन्छ । केदार पूर्व सैनिक हो । उसले आफ्नो सैन्य जीवनमा घटेको एउटा घटनालाई 'फ्लास व्याक' शीर्षकमा प्रस्तुत गरेको छ । आफूले अफगानिस्तानको मजारी-ए-सरीक नजिकको क्याम्पमा रहेर काम गर्ने क्रममा त्यहाँका जनताको समस्या बुझ्न गाउँमा जाने क्रममा बाटो बिराएर इरानको बर्डरमा ठूलो सैन्य टोली तैनाथ भएको स्थानमा पुग्छन् । इरानी सैनिकको त्यस टोलीको चित्रण उपन्यासमा यसरी गरिएको छ- "उनीहरूको मोर्चा पच्छिमतर्फ देखिने डाँडामा क्षितिज नै बिच्छ्याएर बसेको प्रष्ट देखियो" (पृ.१०) । यसरी एकाएक उत्पन्न भएको त्यस जटिल परिस्थितिमा उताबाट गोली चल्नु र हेलिकप्टरले गस्ती गर्नु जस्ता घटनाले सिर्जित वातावरणलाई लेखकले यसरी प्रस्तुत गरेका छन्-

> हामी सबैले एकआपसमा हेराहेर गर्‍यौँ तर एक शब्द पनि निस्केन कसैका मुखबाट । हामी ऐँठनबाट गुज्रन थाल्यौँ । वातावरण ह्वात्त तात्तातो भएर अकासियो । नजिकका पहाडहरू पनि डरले थुरथुर कामिरहेका जस्ता देखिए । हामीमध्ये कोही पनि प्राणवान शरीर लिएर त्यहाँबाट फर्कन सक्तैनौँ होला भन्ने ठानेर अन्तिम विदाइस्वरूप हामीले एकअर्कालाई निर्निमेष हेरिरह्यौँ (पृ. ११) ।

सैन्य जीवनमा काम गर्ने जवानहरूले धेरैपटक आफूलाई मृत्युको नजीकबाट नियालेका हुन्छन् । बारम्बार उनीहरू मानसिक रूपमा मर्छन् र एकप्रकारको संयोगजस्तैगरी बाँचेर फर्किन्छन् । कतिपयले त्यही अवस्थामा वीरगति प्राप्त गर्छन् । मृत्युको नजिक पुगेका सैन्यजवानका मनमा त्यसबेला उत्पन्न हुने विचार भाव र स्थितिलाई केदारले यसरी प्रस्तुत गरेको छ- "बालुवाले आँखा वरिपरि छेकेको मौका पारेर आँसु बगाएँ परिवार सम्झेर । श्रीमती त पोइला जाली, नानीहरूको पो बिजोग हुने भो । आयु छँदै बाआमा छोराको शोकमा डुबेर बित्ने भए..." (पृ. ११) ।

अभावले, बाध्यताले, रहरले, जीवनको अभ्यस्तताले आखिर कुनै न कुनै एक कारणले मान्छेले सैन्य जीवन रोज्छ । सैन्य जीवन रोज्नु भनेको युद्धको, हतियारको, बम बारुदको र समग्रमा मृत्युको सामना गर्छु भन्ने आत्मबलको विकास गर्नु हो । युद्धमा मृत्यु खबर गरेर, सूचना र सङ्केत दिएर आउँदैन । युद्ध समाप्त भैसक्दा बाच्नु भनेको संयोग हुन्छ वा योद्धाको युद्ध कुशलता । एकपटक सैन्य जीवनबाट अवकाश लिएको केदार पुनः किन सेनामै फर्कन्छ ? आखिर उसलाई यस पेसाले किन आकर्षित गरेको छ ? भन्ने जिज्ञासाको उत्तर हुन सक्छ छोरीहरूलाई सम्झाउन केदारले व्यक्त

गरेको अभिव्यक्ति । "हो नानी ! तिमी र दिदी अब प्राइभेट स्कुलमा पढ्ने अनि धेरै ठूलो मान्छे बन्ने । मजस्तो धेरै अंग्रेजी नपढेकाले बेलायतमा राम्रो जागिर पाउँदैनन् अनि यसरी नै काम खोज्न बाहिर जानुपर्छ" (पृ. १३) । उसको यस अभिव्यक्तिले सीप, क्षमता र आर्थिक अभावमा सैन्य जीवन रोज्नुपर्ने बाध्यतालाई सङ्केत गर्दछ । यी समस्याले पटकपटक सैन्यजीवन रोज्नुका आफ्नै समस्या त छँदैछन् साथै उसका परिवारका व्यथा गुनासा र समस्या उस्तै छन् ।

> अब हजुर गएपछि चैं यहाँ हामी कसरी एक्लै बस्ने नि ? नेपालमा नि एक्लै ! पहिला पल्टनमा हुँदा नि कहिले कोसोभो, कहिले अफगानिस्तान, कहिले कोर्स, कैले कता ! दिक्क लागिसक्यो मलाई त ! हजुरका साथमा कहिल्यै बस्न नपाउने हामी चैं (पृ. १४) ।

सैन्य जीवन रोजेर क्याम्प हिँड्न लागेको एउटा बाबुलाई छोरीले भनेको यो अभिव्यक्ति ज्यादै मार्मिक छ । सैन्य सेवामा लागेका व्यक्तिको वास्तवमै आफ्नो जीवन हुँदैन भनिन्छ । उनीहरूको जीवन भनेको देशको लागि, जनताको लागि र मानव समुदायका लागि हो । यहाँ केदारको जीवनको अत्यधिक समय अफगानिस्तानको लागि साथै कोसोभो र कोर्सका लागि बितेको देखिन्छ ।

सैन्य जीवनमा पुनः करार भएपछि अफगानिस्तानको काबुल एयरपोर्टको पच्छिम दिशास्थित क्याम्पमा पुगेपछि सैन्य तालिम पुनः आरम्भ हुन्छ । लेखकले एक साता चल्ने तालिमका प्रतिदिनका क्रियाकलापलाई दैनिकीका रूपमा प्रस्तुत गरेका छन् । युद्ध र आतङ्कका दृष्टिले अलकायदा, नाटो र तालेवान विश्वमै विशेष चर्चित छन् र उनीहरूको केन्द्र अफगानिस्तान नै हुने गरेको देखिन्छ । लेखकले उपन्यासमा उनीहरूले गरेका आतङ्ककारी हमला, आत्मघाती आक्रमण आदि विभिन्न घटनाबारे पनि उपन्यासमा उल्लेख गरेको पाइन्छ । सैन्य पेशामा संलग्न हुन आतङ्कवादको केन्द्र मानिने अफगानिस्तानमा बसेर विदा मनाउन परिवारका निकट पुगेका सेनाको र तिनका परिवारको चित्रण उपन्यासमा जीवन्त लाग्छ । त्यस दृश्यलाई चित्रण गर्दै लेखक भन्छन्-

> विमानस्थल ओर्लिएदेखि मेरा आँखामा ढाकिएको बादलको पानी रोकिराख्न सकेनन् । एक्कासी दरर बर्सियो मेरो आँखाको डील हुँदै । हुन पनि युद्धमा हिँडेका सिपाहीहरूले आफ्नो परिवार भेटेपछि बर्साउनका लागि आफ्ना आँखाभित्र अरु के नै लुकाएर राखेका हुन्छन् र ! परिवार भेटेपछि पानी एकाएक आँफै बर्सिन थाल्दछ (पृ. १००) ।

यो अंश सैन्य जीवनको कारुणिक र मर्मस्पर्शी चित्रणका रूपमा प्रस्तुत भएको देखिन्छ ।

उपन्यासका प्रायः धेरैजसो खण्डहरूले सैन्यजीवनका विविध पक्षलाई समेटेको पाइन्छ । सैन्य सिविरमा हुने तालिम, एकअर्काप्रतिका दृष्टिकोण, एकआपसका सानाठूला झैँझगडा, कलह, दुर्घटना, भेदभाव, विभेद, आदि उपन्यासमा विषयवस्तुका रूपमा प्रस्तुत भएका छन् भने उपन्यासमा युद्धको प्रमुख दृश्यका रूपमा भाग तीनको पहिलो खण्ड 'क्याम्प अल्भाराडो' युद्धको मुख्य घटनाको चित्रण गरिएको खण्ड हो । यस खण्डमा अफगानिस्तानको काबुलमा भएको त्यस युद्धको वस्तुपरक र चित्रात्मक वर्णन गरिएको छ । अचानक विहानीपख करिब साढे चारबजेको सेरोफेरोमा गोली, बम पड्कन थालेपछि सुतिरहेको एक सैन्यजवानले अझ विशेषतः सैन्य कमाण्डरले कसरी परिस्थितिलाई आकलन गर्नुपर्छ र पूर्ण तयारीका साथ प्रतिरक्षामा खटिनुपर्छ भन्ने कुरा यस खण्डमा ज्यादै कलात्मक र प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ । अचानक हुने यसप्रकारका हमलामा अपरिपक्व सैन्य जवानहरूले कस्ता गल्ती गर्दछन् भन्ने कुरा पनि लेखकले यस खण्डमा प्रस्तुत गरेका छन् । अचानक हुने हमलाको प्रतिकारका लागि सदैव तयार रहने झोलाभित्रका सामानको लिस्ट (पृ. ११०) देखि अचानक युद्धका लागि तयार हुनुपर्दाको चित्रण ज्यादै प्रभावोत्पादक छ । जस्तै :

...व्यक्तिगत सुरक्षाका लागि हाते पिस्तोल ...बेडमा राखेर अरु तयारीमा लागेँ, हेलमेड लगाएँ भित्तामा भुण्ड्याइएको पेस्तोलको बेल्ट भिरेँ अनि राइफल निकालेँ दराजभित्रबाट । च्याम्बरमा राउन्ड लोड छ या छैन भनेर खानतलासी गरेँ किनकि यस्तै आपत्कालीन समयमा च्याम्बरमा गोली भएन भने आफूले आफैलाई सुसाइड मिसन अपनाउनु जस्तै हो (पृ.१११) ।

सन्दीप गुरुङको मूर्खतापूर्ण र पागलपनपूर्ण शैली, गोराहरूको कामभन्दा बढी तमासा, अत्तालिएका सैनिकहरूको मनोभावना तथा कमाण्डरको कुशलतापूर्वकको नियन्त्रण र निर्देशनले परिणामलाई आफ्नो पक्षमा पार्ने कुशल युद्धकलाको प्रस्तुति यसमा चित्रित छ । बस्तीलाई आड बनाएर आतङ्ककारीले गरेको यस आक्रमणको प्रभावका विषयमा म पात्र भन्छ- "ससाना नानीहरू कति डराए होलान् ? मेरी छोरीहरूलाई झल्याँस्स सम्झेँ मैले । बन्दुक हातबाट झन्डै खस्यो" (पृ. ११५) । झट्ट हेर्दा सामान्य लाग्ने यस अभिव्यक्तिमा कति गहिरो जिम्मेवारीबोध देखिन्छ । ती डराउने साना नानीहरूलाई आफ्नै छोरी सम्झने सिपाहीले मात्र आफूलाई युद्धमा समर्पण गर्न सक्छ । यस अभिव्यक्तिमा आतङ्कवादको बन्द घेरामा परेको समुदायलाई आफ्नै घर परिवार सम्झनेगरेको उदात्त मनोभावना अभिव्यञ्तिछ भएको छ ।

केदारहरूको क्याम्पभन्दा पाँच किलोमिटर टाढा रहेको क्याम्प गिब्सनमा भएको विस्फोट र त्यसमा परी एक नेपाली सहित छ जना सैनिक जवानको ज्यान गएको विषय ज्यादै मार्मिक देखिन्छ । लेखक भन्छन् "...त्यहाँ पुग्दा छ ओटा लासहरू नामसहितको ट्याग टाँसेको कालो व्यागभित्र हालिसकिएको थियो । लास राखिएका व्याग सर्लक्क थिएनन् । मसला पोका पारेकाजस्ता देखिन्थे ... यस्ता काला डेडबडी राख्ने व्याग देख्नेबित्तिकै कतै आफू पनि एकदिन यस्तै व्यागभित्र पसिने त होइन ? भन्ने लाग्थ्यो मलाई" (पृ. १९६) । यही मनोभावनाका साथ मानव सेवाको लागि ज्याद जोखिममा राख्ने सैन्य जीवनको मर्मस्पर्शी अभिव्यक्ति बनेर प्रस्तुत उपन्यास अफगानी रणमैदान देखापरेको छ । उपन्यासको भाग चारको 'अफगानमा गोर्खालीको वीरता' शीर्षकको खण्डमा यक्षराज लिम्बू, काजीमान लिम्बू र दीपप्रसाद पुन सहित आफूले लडेको बहादुरीपूर्ण युद्धको वर्णन छ । टुइन टावरमाथि आक्रमण भएपछि लामो लडाइ लडी केही बन्दोवस्तीका सामान हात वार्न सफल भएपछि उक्त इलाकामा आतङ्कवादको घुसपेठ न्युन हुन गई यक्षराज लिम्बूले पदकद्वारा विभूषित भएको, रात्रीकालीन कार्यक्रम अवलोकन गरी फर्कदै गरेका अमेरिकी अधिकारीलाई एम्बुसमा पारेपछि काजीमान लिम्बूको नेतृत्वमा उद्दार गरिएको र लिम्बूले आफ्नो ज्यानको समेत पर्वाह नगरी अमेरिकी अधिकारीको प्राण रक्षा गरी पदक पाएको सन्दर्भ प्रस्तुत छ । अफगानिस्तानको हेल्मन्ड प्रान्तको बाबाजी एरियामा खटिएका बखत एक्लै तीसभन्दा बढी तालिवानीलाई परास्त गरी दीपप्रसाद पुनले सीजिसी सम्मान प्राप्त गरेको विषय यहाँ प्रस्तुत गरिएको छ । भाग पाँचको पहिलो खण्ड 'काबुलको डाउनटाउन' शीर्षकमा अफगानिस्तानका विभिन्न भूमिमा खटिएका सिपाहीहरू कतिसम्म जोखिममा छन् भन्ने कुरा प्रस्तुत गरिएको छ । आतङ्कवादीहरू उनीहरूलाई जहिले पनि लक्ष बनाई बसेको सन्दर्भ यसमा छ । म पात्रसहित चार जना डाउनटाउन गएका बेला अचानक खतरा महसुस गरी निस्कने क्रममा बाटोमै टायर पेन्चर भएको र फेर्न लाग्दा आतङ्ककारीले हमला गरेकोले मुस्किलले ज्यान बचाएर क्याम्पमा फर्किएको विषय यस खण्डमा प्रस्तुत भएको छ ।

युद्धसाहित्यको एक विहङ्गम अभिव्यक्तिका रूपमा प्रस्तुत भएको *अफगानी रणमैदान* उपन्यास सेवानिवृत्त एक सेनाको पुनः सैन्य जीवनमा

प्रत्यागमनपछिको युद्धभोगाइ हो । "अफगानिस्तानका रुखा पर्वतका छेउमा मरुतुल्य भूमिमा युद्धको दिन कहिले आउला भन्दै यद्धको दिन कहिल्यै नआइदिए हुन्थ्यो भन्दै महायुद्धहरू टार्न खटिएका एक नेपाली कमाण्डर अन्य मुलुकका कमाण्डरका सामु नेपाली जातिको यश कीर्ति सदा उच्च राख्न समर्पित" (भट्टराई, २०७७, पृ. छ) योद्धाले प्रस्तुत गरेको वृत्तान्तका रूपमा उपन्यास प्रस्तुत भएको छ। झट्ट हेर्दा बेलायतमा बस्दै आएका तर नेपाली हुनुको गौरव अनुभव गर्ने सेनाको अनुभवजन्य अभिव्यक्तिका रूपमा प्रस्तुत यस आख्यानमा मुख्य कथयिता पात्र नै कथाको आदिदेखि अन्त्यसम्म विद्यमान छ र ऊ केदार नामबाट नै परिचित छ (भट्टराई, २०७७) । यो उपन्यास कुनै एउटा देशका जवानको युद्ध लडाइ होइन यसमा अनेक देशका सैनिकको चरित्र, उनीहरूको मनोविज्ञान, उनीहरूका स्वभाव, प्रवृत्ति, मानवीय आदर्श, कमीकमजोरी, आदिको प्रस्तुति उपन्यासमा छ। जुनसुकै बेला हुन सक्ने शत्रुको आक्रमण कुरेर बसेका र त्यस्ता आक्रमणको सामना गरिरहेका सैनिकमा हुने मृत्यु बोध, भय, शौर्य, साहस, पारिवारिक मायामोह (कोइराला, २०७७) आदिलाई उपन्यासले कथ्य बनाएको छ । यस उपन्यासले "द्वन्द्व र युद्धबाट पीडित राष्ट्रहरूमध्ये अफगानिस्तानको कुरूप, कारुणिक, र बीभत्स अनुहार विशेष महत्त्वका साथ प्रस्तुत गरेको छ। त्यहाँ शान्ति स्थापनार्थ खटाइएका सैनिकलाई शान्तिदूतभन्दा बैरी बढी ठानिन्छ र उनीहरूलाई नै मार्ने प्रयत्न गरिन्छ" (कोइराला, २०७७, पृ. त) भन्ने तथ्यका साथ उपन्यासकारले उपन्यासको निष्कर्षका रूपमा युद्धप्रतिको आफ्नो दृष्टिकोण प्रस्तुत गर्दै उपन्यासकै अन्तिम अनुच्छेदमा भनेका छन्- "काबुल यथावत् नै छ। उही बम, बारुद, बन्दुक, किडन्याप र करप्सनले ग्रस्त छ। अफगानिस्तान र सिरियामा मात्र होइन विश्वलाई नै शान्ति चाहिएको छ तर आजसम्म भएको कुनै पनि लडाइँले शान्ति स्थापित गर्न भने सकेको छैन" (पृ.२९४)। प्रस्तुत युद्धोपन्यासको सारका रूपमा प्रस्तुत गरिएको यस सूत्रात्मक भनाइले लेखकको युद्धद्वारा शान्तिको कामनाप्रतिको विमति देखिन्छ परन्तु आश्चर्य के छ भने सैन्य सेवाबाट निवृत्त भएर पुनः सैन्य सेवामै लाग्नु र निस्कासित भएर अन्य काममा लागेपछि पनि पुनः आह्वान हुँदा सैन्य पेशामै फर्कने एक सेनाका कमाण्डरले लेखेको यस उपन्यासको यस प्रकारको निष्कर्ष अकल्पनीय छ। किनकि ब्रिटिस गोर्खाबाट सेवानिवृत्त सर्जक पछिल्लो समय पनि सैन्य सेवामै अफगानिस्तानमा कार्यरत छन् (घिमिरे, २०७७) र त्यही अनुभवलाई उनले औपन्यासिक कलेवरमा प्रस्तुत गरेका हुन्।

**निष्कर्ष**

केदार सङ्केतद्वारा लेखिएको अफगानी रणमैदान युद्धसाहित्यको महत्त्वपूर्ण दस्तावेज हो । यो कृति कतै यथार्थ इतिहास र कतै औपन्यासिक कलेवरमा प्रस्तुत गरिएको छ । आफ्ना छोरीहरू र पत्नीसँगै बेलायतमा बस्दै आएका केदार सङ्केतले ब्रिटिस आर्मीमा काम गरेर सेवा निवृत्त भएपश्चात् पुनः सन् २००६ को लन्डन अन्तर्वार्ताबाट करार भई सैन्य सेवामा प्रवेश गर्छन् । ब्रिटिस आर्मीमा छँदा पनि र पछि पुनः करार गरिँदा पनि उनी अफगानिस्तानमा शान्ति सुरक्षा कायम गर्ने प्रयासका रूपमा पच्छिमी राष्ट्रहरूद्वारा परिचालित सैन्य दलमा रहेर काम गर्दछन्। सैन्य पेसा अवलम्बन गरे पनि स्रष्टाको चेतनाले प्रेरित केदार सङ्केतले आफूले युद्धमा गरेका, भोगेका, देखेका, सुनेका, विषयलाई युद्धजन्य औपन्यासिक कलेवरमा प्रस्तुत गरेका छन् । लेखकले यस उपन्यासलाई सचेततापूर्वक युद्धसाहित्यको अभिलेखनका रूपमा प्रस्तुत गर्ने प्रयत्न गरेको देखिन्छ। यसका प्रमाणका रूपमा उपन्यासको नाम नै पनि बलियो दृष्टान्तका रूपमा प्रस्तुत भएको छ। अफगानी रणमैदान नाम र हतियार सहितका सेना तथा युद्धमा प्रयोग गरिने हेलिकप्टर सहितको आवरणले पनि उपन्यासलाई युद्धसाहित्यको दस्तावेज बनाएको छ । यस उपन्यासका घटनाहरू, त्यसमा प्रयोग गरिएका तिथिमितिहरू, पात्रका नामहरू, सबै यथार्थको नजिक

छन् । उपन्यासको अन्त्यभागमा परिशिष्टमा समावेश गरिएका पत्र, अफगानिस्तान क्षेत्रका नक्साहरू, युद्धमा प्रयोग भएका हतियारहरू, लेखकसँगै युद्धमा सहभागी भएका सैनिकहरूका तस्विर आदिले उपन्यासलाई युद्धसाहित्यका रूपमा बलियो तुल्याएको छ ।

उपन्यासमा पुनः सेनामा करार भएपछि अफगानिस्तानको काबुलस्थित विमानस्थलको निकट स्थापित क्याम्प अल्भाराडोमा गरिएका तालिम तथा अन्य गतिविधिका साथै विहानीपख आतङ्कवादीहरूले आक्रमण गरेपछि मध्यदिनसम्म भएको भिडन्तलाई उपन्यासमा प्रस्तुत गरिएको छ । यसका साथै गाउँहरूमा गस्तीमा जाने क्रममा बाटो बिर्सिएर इरानको सीमासम्म पुग्दा धन्नैले ज्यान गएको विषय, हेलिकप्टरले दिसा भड्किएर गलग ठाउँमा झारिदिँदाको सिपाहीका पीडा, नेपाली वीरहरू यक्षराज लिम्बू, काजीमान लिम्बू, दीपप्रसाद पुनको वीरता युद्धभूमिमा संलग्न सेनाको मनोभावना मनोविज्ञान र उनका परिवारको मनोविज्ञानलाई उपन्यासले प्रस्तुत गरेको छ । सैन्य सेवामा संलग्न साथीहरू दुस्मनद्वारा मारिएर कालो व्यागमा पोको पारिँदा जीवित एक सैन्य जवानका मनमा उत्पन्न हुने भावहरू उपन्यासमा जीवन्त विषय बनेर प्रस्तुत भएको छ । यिनै विभिन्न सन्दर्भका कारण यो उपन्यास युद्धलाई विषय बनाइएको र युद्धको वस्तुपरक यथार्थताको प्रस्तुति रहेको भिन्न र नौलो युद्धउपन्यास हो । युद्धमा सहभागी एक योद्धाले स्वयं आफूलाई कथयिता पात्रका रूपमा उपस्थापन गरी युद्ध लडेको अनुभवलाई औपन्यासिकता प्रदान गरिएको यो नेपाली साहित्यको विशिष्ट प्रकृतिको युद्धसाहित्य' युद्धोपन्यास हो ।

**सन्दर्भसामग्री सूची**

आप्टे, वामन शिवराम (सन् १९६९). संस्कृत-हिन्दी कोश द्वितीय संस्क.. दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स प्राइभेट लिमिटेड ।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

कोइराला, कुमारप्रसाद (२०६८). *आख्यान विमर्श.* काठमाडौं : ओरियन्टल पब्लिकेसन ।

कोइराला, कुमारप्रसाद (२०७७). 'सैन्यजीवनको असली अनुहार देखाउने उपन्यास'. केदार सङ्केतकृत *अफगानी रणमैदान.* काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

गौतम, लक्ष्मणप्रसाद (२०६३). सम्पा. *समकालीन नेपाली द्वन्द्वकथा.* काठमाडौं : पैरवी प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.* काठमाडौं : ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि. ।

घिमिरे, रोचक (२०७७). 'युद्ध साहित्यमा थपिएको गहकिलो इँटा'. केदार सङ्केतकृत *अफगानी रणमैदान.* काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

त्रिपाठी, वासुदेव र अन्य (२०५८). *नेपाली बृहत् शब्दकोश* पाँचौं संस्क.. काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* चितवन : विमर्श नेपाल ।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* काठमाडौं : मोडर्न बुक्स ।

भट्टराई, गोविन्दराज (२०७७). 'कविहृदयी स्रष्टाको कलमले जब जीवन्त युद्धसाहित्य लेख्छ'. केदार सङ्केतकृत अफगानी रणमैदान. काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

शर्मा, मोहनराज (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना.* काठमाडौं : क्वेस्ट पब्लिकेसन ।

सङ्केत, केदार (२०७७). *अफगानी रणमैदान.* काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा. लि. ।